NEPALI

Rockbridge ES को कार्यक्षेत्र समायोजन सम्बन्धी सूचना नोभेम्बर 2017 – फेब्रुअरी 2018

Stone Mountain and Clarkston क्लस्टरहरूमा स्कूल डिस्ट्रिक्टहरूको समायोजनको बारेमा छलफल गर्न DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टले तीनवटा सार्वजनिक बैठक आयोजना गर्दैछ।

नयाँ निर्मित Rockbridge Elementary School जनवरी 3, 2018 देखि खोल्ने योजना छ। यसलाई अस्थायी रूपमा 2.5 वर्षका लागि पहिलेको Wadsworth क्याम्पसमा सारिएको थियो। नयाँ स्थायी भवनमा पहिलो शैक्षिक वर्ष सन् 2018 को शरद ऋतुदेखि सुरू हुँदैछ।

NEPALI

यो नयाँ तथा पहिलेभन्दा ठूलो भवनमा पर्याप्त ठाउँ भएकाले Stone Mountain and Clarkston क्लस्टरका स्कूलहरूमा विद्यार्थीहरूको अत्यधिक चापलाई सुव्यवस्थित गर्नका लागि स्कूलको कार्यक्षेत्र समायोजन गर्न सिफारिस गरिएको छ। सन् 2018 को शरद ऋतुदेखि लागू हुने यस स्कूल कार्यक्षेत्र समायोजन कार्यले सम्भवतः ती क्लस्टरका छिमेकी स्कूलहरूलाई प्रभाव पार्न सक्छ।

प्रभाव पर्न सक्ने एलिमेन्टरी स्कूलहरू:

- Allgood ES (Clarkston क्लस्टरमा)
- Dunaire ES (Clarkston क्लस्टरमा)
- Hambrick ES (Stone Mountain क्लस्टरमा)
- Indian Creek ES (Clarkston क्लस्टरमा)
- Jolly ES (Clarkston क्लस्टरमा)
- Rockbridge ES (Stone Mountain क्लस्टरमा)
- Stone Mill ES (Stone Mountain क्लस्टरमा)
- Stone Mountain ES (Stone Mountain क्लस्टरमा)

प्रभाव पर्न सक्ने मिडल स्कूलहरू:

- Freedom ES (Clarkston क्लस्टरमा)
- Stone Mountain MS (Stone Mountain क्लस्टरमा)

प्रभाव पर्न सक्ने हाई स्कूलहरू:

- Clarkston HS (Clarkston क्लस्टरमा)
- Stone Mountain HS (Stone Mountain क्लस्टरमा)

स्कूलको कार्यक्षेत्र समायोजन कार्य समुदायको तीन चरणको विशेष सहयोग तथा सुझावको आधारमा गरिन्छ। समुदायको सुझाव लिने तीनै वटा चरण सम्पन्न भएपछि, स्कूलको कार्यक्षेत्र समायोजनको सम्बन्धमा निरीक्षकले सिफारिस गरेको योजनालाई स्वीकृत गर्नका लागि फेब्रुअरी 2018 मा बोर्ड समक्ष प्रस्तुत गरिनेछ।

ध्यान दिनुपर्ने कुरा: तीनै चरणमा प्राप्त सम्पूर्ण टिप्पणीहरू स्कूलको कार्यक्षेत्र समायोजन सम्बन्धी तल उल्लिखित मापदण्डहरूमा सीमित रहनेछन्:

1. सुरक्षा तथा ट्राफिक अवस्था
2. अघिल्लो पटक गरेको कार्यक्षेत्र समायोजन
3. अक्षत छिमेकी स्कूलहरू
4. विशेष कार्यक्रमहरु, अर्थात्, कक्षाकोठामा बढी ठाउँ चाहिने विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई सहायता गर्ने कार्यक्रमहरू
5. स्कूल फिडर सम्बन्धन
6. प्रभावकारी तथा मितव्ययी कार्यसञ्चालन

सर्वसाधारणको सुझाव: चरण 1 (नोभेम्बर 2, 2017, साँझ 6:30 बजे Freedom MS मा)
यस बैठकको उद्देश्य समुदायसँग निम्नलिखित जानकारी आदान-प्रदान गर्नु हो:

1. स्कूलको कार्यक्षेत्र समायोजन गर्ने सिफारिस गर्नुका विभिन्न कारक तत्त्वहरूको संक्षिप्त विवरण
2. प्रभाव पर्न सक्ने स्कूल तथा स्कूलका कार्यक्षेत्रहरूको सूची
3. स्कूलको कार्यक्षेत्र समायोजन प्रक्रिया तथा मापदण्डको सम्बन्धमा समुदायबाट लिइने/समुदायलाई दिइने सामान्य तथा प्राथमिक जानकारी

ध्यान दिनुपर्ने कुरा: यो पहिलो चरणको बैठकमा सर्वसाधारणको विचारको लागि कुनै पनि योजनालाई प्रस्तुत गरिने छैन। बैठकमा प्राप्त सबै टिप्पणीहरूलाई स्कूलको कार्यक्षेत्र समायोजन सम्बन्धी तीन वटा विकल्पहरू तयार पार्न कर्चारीको विश्लेषणसँग संयोजन गरिनेछ। ती तीनवटा विकल्पहरूलाई दोस्रो बैठकमा समुदायको सुझाव तथा पृष्ठपोषणको लागि प्रस्तुत गरिनेछ।

सर्वसाधारणको सुझाव: चरण 2 (नोभेम्बर 30, 2017, साँझ 6:30 बजे Clarkston HS मा)
यस बैठकको उद्देश्य सम्भावित कार्यक्षेत्र समायोजन सम्बन्धी तीनवटा विकल्पहरू प्रस्तुत गर्नु र प्रत्येक विकल्पका विभिन्न तत्वहरूको सम्बन्धमा समुदायको सुझाव/पृष्ठपोषण लिनु हो।

ध्यान दिनुपर्ने कुरा: यस दोस्रो चरणको बैठकबाट प्राप्त टिप्पणीहरूलाई सम्भावित कार्यक्षेत्रको समायोजनका लागि कर्मचारीले सिफारिस गरेको एउटा विकल्प तयार पार्न प्रयोग गरिनेछ, जसलाई तेस्रो चरणको बैठकमा सर्वसाधारणको टिप्पणी तथा सुझाव लिनका लागि प्रस्तुत गरिनेछ।

सर्वसाधारणको सुझाव: चरण 3 (जनवरी 11, 2018, साँझ 6:30 बजे Rockbridge ES मा)
यो तेस्रो तथा अन्तिम चरणको बैठकको उद्देश्य सम्भावित कार्यक्षेत्रको समायोजनका लागि कर्मचारीले सिफारिस गरेको एउटा विकल्प प्रस्तुत गर्नु र यस विकल्पको सम्बन्धमा समुदायको सुझाव/पृष्ठपोषण लिनु हो।

ध्यान दिनुपर्ने कुरा: तेस्रो चरणमा प्रस्तुत गरिएको एकल विकल्प दोस्रो चरणमा प्रस्तुत गरिएको कुनै पनि विकल्पसँग मेल नखान पनि सक्छ। यो विकल्प पहिलो चरण र दोस्रो चरणबाट संकलन गरिएका सर्वसाधारणका टिप्पणीहरूका साथै कर्मचारीको विश्लेषणलाई ध्यानमा राखेर तयार पारिनेछ। यो एउटा विकल्प प्रस्तुत गर्नाले निर्दिष्ट योजनाका विशेष तत्वहरूको सम्बन्धमा समुदायको केन्द्रित सुझाव प्राप्त गर्न सकिनेछ। यो योजनालाई अन्तिम योजना नहुन पनि सक्छ।

निरीक्षकले सिफारिस गरेको स्कूल कार्यक्षेत्रको समायोजन योजना
सबै चरणबाट समुदायको सुझाव तथा पृष्ठपोषण (र विशेष रूपमा कर्मचारीले सिफारिस गरेको हालैको विकल्प) को आधारमा, निरीक्षकले आवश्यक परिवर्तनहरू गरेर स्कूलको कार्यक्षेत्र समायोजन योजनालाई बोर्डको स्वीकृतिको लागि पेस गर्नुहुनेछ।

बोर्डको स्वीकृति (फेब्रुअरी 2018)
फेब्रुअरी 2018 मा बोर्डबाट स्वीकृति प्राप्त हुने अपेक्षा राखिएको छ र स्कूलको कार्यक्षेत्रमा भएको कुनै पनि परिवर्तन सन् 2018 को शरद ऋतुदेखि लागू हुनेछ।

पूर्ण विवरण तथा जानकारीका लागि www.dekalbschoolsga.org/redistricting मा जानुहोस्।